# दाना पदार्थ ऐन, २०७५

*(सम्वत् २०८१ साल पुष मसान्त सम्मका संशोधन मिलाइएको)*

लुम्बिनी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल।

# दाना पदार्थ ऐन, २०७५

**प्रमाणीकरण मिति**

२०७५/१२/१२

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ — २०७८/०९/०१

सम्वत् २०७५ सालको ऐन नं ते.अ ०३

×.....**दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** दाना पदार्थमा अवान्छनीय मिसावट रोक्न र दाना पदार्थमा रहेको कुनै स्वाभाविक गुण र उपयोगिता घटाउन वा झिक्न नपाउने गरी दाना पदार्थको उचित गुणस्तर बनाई राख्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "×....दाना पदार्थ ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गरिएको



moial.lumbini.gov.np

(क) **"दाना पदार्थ"** भन्नाले पशु, पन्छी र माछाले खाने, पिउने वस्तु वा त्यस्ता वस्तुहरुको सम्मिश्रणबाट बनेको अरु कुनै खाने पिउने वस्तु सम्झनु पर्छ ।

(ख) **"दाना निरीक्षक"** भन्नाले दफा ५ बमोजिम नियुक्त भएको वा तोकिएको दाना निरीक्षक सम्झनु पर्छ ।

(ग) **"दूषित दाना पदार्थ"** भन्नाले देहायको कुनै अवस्थाको दाना पदार्थ सम्झनु पर्छः

(१) दफा १० बमोजिम निर्धारित गरिएको गुणस्तर भन्दा कमसल हुनेगरी प्रमुख अंकको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ संमिश्रण गरिएको दाना पदार्थ,

(२) पशु, पन्छी र माछालाई हानीकारक हुने गरी सडेको, गलेको वा फोहोर मैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको दाना पदार्थ,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोग कारक पशु, पन्छी वा हानीकारक वनस्पतिबाट बनेको दाना पदार्थ,

(४) यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको न्यूनतम



moial.lumbini.gov.np

आवश्यक गुणस्तर भन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको दाना पदार्थ ।

+(ग१) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले *प्रदेश सरकारको कृषि पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले *मन्त्रालयको सचिव सम्झनु पर्छ ।

३. **दूषित दाना पदार्थको उत्पादन, बिक्री, वितरण, निकासी, पैठारी तथा संचय गर्न नपाइने:** कुनै व्यक्तिले दूषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी वा संचय गर्न हुँदैन ।

४. **ढाँटी झुक्याई दाना पदार्थको बिक्री वितरण गर्न नहुने:** कसैले कुनै दाना पदार्थलाई अर्को दाना पदार्थ हो भनी वा कुनै कम गुणस्तरको दाना

---

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा थपिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गरिएको

पदार्थलाई माथिल्लो स्तरको दाना पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन ।

५. **दाना निरीक्षकको नियुक्ति र अधिकारः** (१) यो ऐनको प्रयोजनका निमित्त मन्त्रालयले दाना निरीक्षक नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) यस ऐनको अन्य दफाहरुमा लेखिएदेखि बाहेक दाना निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **दाना पदार्थ रोक्का राख्न सकिनेः** (१) कुनै दाना पदार्थ दूषित हो भन्ने शंका लागेमा दाना निरीक्षकले त्यस्तो दाना पदार्थ सिलवन्दी गरी सो को धनीलाई नै जिम्मा लगाई त्यसको भरपाई निजबाट लिई रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का भएको दाना पदार्थ दुषित हो भन्ने अनुसन्धान प्रयोगशालाको परीक्षणबाट ठहरिएपछि दाना निरीक्षकको आदेशले सो दाना पदार्थ जफत हुन सक्नेछ र त्यस्तो दाना पदार्थ नष्ट गर्नुपर्ने रहेछ भने त्यसको नष्ट गर्न लाग्ने खर्च समेत दाना पदार्थको धनीले व्यहोर्नु पर्नेछ ।

७. **अनुज्ञापत्र लिनुपर्नेः** (१) तोकिएको दाना पदार्थ उत्पादन वा बिक्री वितरण गर्न चाहने व्यक्तिले तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिलवन्दी भएका दाना पदार्थका हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक

moallumbini.gov.np

बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा बिक्रेताले यस दफा बमोजिम अनुज्ञापत्र लिनु पर्ने छैन ।

८. **दण्ड सजायः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लघंन गर्ने व्यक्तिलाई पहिलो पटक पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना र दोस्रो पटकदेखि प्रत्येक पटक पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

९. **फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्वः** कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेश उल्लघंन गरेमा फर्मको हकमा सो फर्मको धनी वा साझेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ८ को प्रयोजनका लागि सजायको भागी हुनेछ ।

तर आफू धनी, साझेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनुभन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लघंन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुने छैन ।

१०. **दाना पदार्थको गुणस्तर तोक्ने अधिकारः** कुनै दाना पदार्थमा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्छ भन्ने कुराका सम्बन्धमा प्रदेश सरकारले समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश दिन सक्नेछ ।

moial.lumbini.gov.np

११. **<u>दाना पदार्थको जाँचः</u>** कुनै दाना पदार्थ दूषित हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा समयमै गराई सो अनुसन्धानशालाको सम्बन्धित अधिकारीबाट प्रतिवेदन लिइनेछ ।

१२. **<u>दानाको गुणस्तर निर्धारण समितिः</u>** मन्त्रालयले आवश्यकता अनुसार दानाको गुणस्तर निर्धारण गर्न तोकिए बमोजिम एक दानाको गुणस्तर निर्धारण समिति गठन गर्न सक्नेछ । उक्त समितिको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. **<u>प्रदेश सरकार वादी हुनेः</u>** यस ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ ।

१४. **<u>मुद्दाको तहकिकात र दायरीः</u>** (१) यस ऐन अन्तर्गतको मुद्दाको तहकिकात दाना निरीक्षकले गर्नेछ र तहकिकात पूरा गरी निजले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा दाना निरीक्षकले सरकारी वकिलको राय लिन सक्नेछ ।

१५. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** यस ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरु कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयले तोकेको अधिकारीलाई हुनेछ ।

१६. **<u>पुनरावेदनः</u>** दफा १५ बमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक्काईस दिनभित्र सो निर्णय उपर मन्त्रालयका सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

moal.lumbini.gov.np

१७. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

१८. **<u>बचाउः</u>** यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

mojal.lumbini.gov.np